आज मिति २०८० साल जेठ २१ गते आइतबारका दिन यस महाकाली नगरपालिका, नगर कार्यपालिकाको २५ औ कार्यपालिका बैठक नगर प्रमुख श्री नर सिह चैसिर ज्यू को अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमका निर्णयहरु गरिए ।

तपसिलः

| पद | सि.नं. | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| नगर प्रमुख | १ | श्री नर सिह चैसिर | |
| नगर उप-प्रमुख | २ | श्री दुर्गा कुमारी खत्री बिष्ट | |
| सचिव | ३ | श्री मित्र प्रसाद घिमिरे | |
| सदस्य | ४ | श्री मोहन सिह महरा | |
| सदस्य | ५ | श्री शंकर सिह डोबाल | |
| सदस्य | ६ | श्री पदम सिह महर | |
| सदस्य | ७ | श्री जगत बहादुर चुनारा | |
| सदस्य | ८ | श्री दिलेन्द्र राज अवस्थी | |
| सदस्य | ९ | श्री प्रेम बहादुर पाल | |
| सदस्य | १० | श्री सोबान सिह रैखोला | |
| सदस्य | ११ | श्री भवान सिह धामी | |
| सदस्य | १२ | श्री गजेन्द्र सिह कार्की | |
| सदस्य | १३ | श्री भुवनेश्वरी रैखोला | |
| सदस्य | १४ | श्री हेमा थापा | |
| सदस्य | १५ | श्री पार्वती ऐरी | |
| सदस्य | १६ | श्री अम्बीका नेपाली | |
| सदस्य | १७ | श्री नारा धामी | |
| सदस्य | १८ | श्री पुरन सिह बुढाथोकी | |
| सदस्य | १९ | श्री जमुना दमाई | |
| सदस्य | २० | श्री जगत सिह चुनारा | |
| | | | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | १ | युवराज जोशी | योजना अधिकृत |
| | २ | गोकर्ण बहादुर पाल | लेखापाल |
| | ३ | राजेन्द्र सिह धामी | प्रशासन सहायक |

मिति २०८० जेठ २१ गते बसेको बैठकबाट देहाय बमोजिम निर्णय पारित भएकोले कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

१. महाकाली नदीबाट कार्यपालिकाको निर्णय अनुसार अन्य नदीजन्य पदार्थ बालुवा उत्खनन दर निर्धारण भइ बालुवा निकासी भइ रहेकोमा प्राविधिक कारणले हाललाइ बालुवा ढुङ्गा गिट्टी बालुवा उत्खन्न कार्य स्थगित गर्ने र चोरी छिपी बालुवा उत्खनन गरेको पाइएमा कार्यपालिकाको मिति २०७९ फागुन १६ को निर्णयबाट तोकेको उत्खनन दर अनुसार जरीवाना गर्ने,

२. बार्षिक बजेट तथा कार्यक्रम र वडा स्तरीय कार्यक्रम तपसिल बमोजिम संशोधन गर्ने,

| क्रस | साविकमा स्वीकृत कार्यक्रम | बजेटरु | संशोधित कार्यक्रम | बजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | मैखोली सिंचाइ कुलो मर्मत (टोल विकास मार्फत) | ५००००० | काकडा कत्वा खोला तटबन्ध | ५००००० | |
| २ | मैकेश्वरी मन्दिर निर्माण वडा नं १ धम्पनेरा | ३००००० | पीसीसी बाटो निर्माण | ३००००० | |

३. मालपोत कार्यालय दार्चुलाबाट आ.ब. २०८०।०८१ को लागि लिखत थैली अंक कायम गर्ने प्रयोजनको लागि जग्गा मुल्याङ्कन गरी पठाउन अनुरोध भएकोमा आ.ब. २०७९।०८० को साविक अनुसारको जग्गाको न्यूनतम् मुल्याङ्कन कायम गर्ने,

४. सार्वजनिक शौचालय निर्माण सञ्चालन तथा व्यवस्थापन मार्गदर्शन २०८० स्वीकृत गर्ने,

५. सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्यविधि, २०७५ पहिलो संशोधन २०८० स्वीकृत गर्ने,

६. प्रकाश क्लिनिक नामको व्यवसायिक फर्म दर्ता गर्न पेश भएको हुँदा दर्ता प्रक्रिया पुरा भएकोले क्लिनिक दर्ता गर्ने,

७. आ.ब. २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम तयार गर्न क्षेत्रगत नीति तथा कार्यक्रम २०८० असार २ गते भित्र पेश गर्ने,

८. आ.ब. २०८०।०८१ को बार्षिक विकास योजनाको विवरण समयमा पेश गर्ने,

९. महाकाली नगरपालिकाको चालु आर्थिक बर्षमा ठेक्का सम्झौता भइ कार्यान्वयनमा रहेका समपुरक अनुदान अन्तरगत सबै आयोजनाहरुको नगरपालिकाको सहलगानी दायित्व तर्फ

CamScanner

बाँकी रहेको रकम मध्येबाट तपिसल बमजिमका योजनाहरु प्रक्रिया पुर्याइ कार्यान्वयन गराउने,

- काकडा विद्यालय भवन मर्मत तथा शौचालय निर्माण ५०००००।००
- तलल्लो काकडा खानेपानी रु ५००००।०० (अमानत मार्फत)
- दत्तु खोली सडकमा टेवा पर्खाल रु १०००००।०० (अमानत मार्फत)
- लास्कु कलोखोला देखि थापागाउँ धम्पनेरा जाने बाटो निर्माण रु २५१०००।०० (टोल विकास समिति मार्फत)
- गल्फैखेडा ढल निकास २५००००।०० (टोल विकास समिति मार्फत)
- धाप सिंचाइ नहर सफा गर्ने रु ६५०००।०० (अमानत मार्फत)
- धाप सिंचाइ कुलो मर्मत रु ३००००।०० (अमानत मार्फत)
- शाहुको घर अगाडी ढल निकास तथा पीसीसी बाटो निर्माण २०००००।०० (टोल विकास समिति मार्फत)
- वडा नं ४ बाङ्गाबगर र बजार क्षेत्रमा नली मर्मत रु ९००००।००

१०. आर्थिक बर्ष २०७८।०७९ मा महाकाली नगरपालिकाको निजाङ खोला र मैखोलीमा बाढी तथा पहिरोबाट प्रभावित परिवारहरुको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण, पुनर्स्थापना तथा प्रबलीकरण अनुदान कार्यविधि २०७७ ले तोके बमोजिम स्थानीय तहले व्यहोर्नुपर्ने यस नगरपालिका अन्तर्गतका ३१ लाभग्राहीहरुको १५ प्रतिशतले हुन आउने अनुदान रकम रु. २५,५७,५००।–(अक्षेरेपी पच्चिस लाख सताउन्न हजार पाँचसय मात्र) विपद व्यवस्थापन अन्तर्गत रहेको उद्धार, राहत तथा पुनर्स्थापना र कार्यक्रम खर्च शिर्षकबाट जिल्ला विपद् व्यवस्थापन समिति दार्चुलाको बैंक खातामा निकासा गर्न निर्देशन दिने,

११. महाकाली नगरपालिकाबाट वितरण हुने आर्थिक सहायता बजेट अभावका कारण हाललाइ स्थगित गर्ने।